**बान्नीगढी जयगढ गाउँपालिकाको तेस्रो गाउँ सभामा अध्यक्ष श्री राजेन्द्र बहादुर खड्काले प्रस्तुत गर्नुभएको आ. ब. २०७६/०७७ को नीति तथा कार्यक्रम**

**मितिः २०७६/०३/१०**

बान्नीगढी जयगढ गाउँपालिकाको तेस्रो गाउँ सभामा आ.ब. २०७६/०७७ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफूलाई भाग्यमानी महशुस गरिरहेको छु ।

संवैधानिक अधिकार तथा श्रोत साधन सहित स्थानीय सरकारको गठन भइ लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाइ सिंहदरवारको अधिकार गाउँ-गाउँमा आइपुग्दा स्थानीय सरकारले गर्वको अनुभुती गरेको छ । **"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने नारालाइ आत्मसात गर्दै यस गाउँपालिकालाई समुन्नत र समृद्ध बनाउन गाउँपालिकाको कृषि तथा पशु विकास रणनीति र बहुवर्षिय योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**उपस्थित सभा सदस्यहरुज्यूहरू,**

नेपालको संविधानले स्थानीय तहलाइ सुनिश्चित गरेका हक अधिकारको क्रियाशिलताका लागि बान्नीगढी जयगढ गाउँपालिका सदा अग्रसर रहनेछ । संविधान प्रदत्त हक अधिकारलाइ आवश्यक कानून एवं संरचनाहरुको निर्माण गर्दै तिनको कार्यान्वयन गाउँपालिकाको सर्वाधिक महत्वको विषयका रुपमा रहनेछ । नेपालको संविधानले परिलक्षित गरेको राष्ट्रिय अर्थतन्त्रलाइ समाजबाद उन्मुख आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाइ कार्यान्वयन गर्दै

दिगोपनासहितको समृद्धिको मार्गमा राष्ट्रलाइ अगाडि बढाउनेतर्फ गाउँपालिका केन्द्रित रहनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

दिगो र व्यवसायिक कृषि विकासद्वारा कृषि क्षेत्रलाइ आत्मनिर्भर उन्मुख बनाउने दिशामा गाउँपालिका अग्रसर रहनेछ । निर्वाहमुखी कृषि प्रणालीलाइ नाफामूलक, दिगो एवम् व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने कार्यको थालनी यसै आ.ब. बाट गरिने छ । सहकारी र निजी क्षेत्रसंग साझेदारी गरी कृषि उपजको बजारीकरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ । गाउँपालिकाका ६ वटै वडाका संभाव्यता हेरी कृषि पकेट क्षेत्रहरुको विस्तार गरिनेछ । हरेक वर्ष २ जना उत्कृष्ठ कृषक छनौट गरी **"गाउँपालिका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

उद्योगहरुलाइ आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिइनेछ । स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, साना तथा मझौला उद्योगको स्थापना र संचालन गरिनेछ ।

बान्नीगढी जयगढ प्रशस्त पर्यटकीय संभावना बोकेको क्षेत्र हो । पर्यटन वर्ष २०२० लाई सफल पार्न यस गाउँपालिका भित्र रहेका कृषि र पर्यटकीय क्षेत्र छातासैन, विल्थम, टाकाचुल्ला, बरदादेवी मन्दिर, बान्नीगढी मन्दिर, जनालीकोट चण्डिकादेवी मन्दिर, चन्दामाता मन्दिर, संरक्षण एंव प्रवर्द्धन गरी यस गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा प्राथमिकता दिईने छ । गाउँपालिका भित्र उचित स्थानहरुमा स्तरिय हेली प्याडको व्यवस्था गरिने छ । ऐतिहासिक दर्ना दरवारको पूनः निर्माणका लागि पहल गरिने छ । यस

गाउँपालिका भित्र रहेका ऐतिहासिक स्थल बान्नीगढी, तिमिल्सैन दर्नाको पञ्चदेवल पर्यटकीय क्षेत्रको संरक्षण गरिने छ ।

सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याइनेछ । सहकारी संस्थाहरुलाइ उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियशील गराइनेछ । सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रको तथा विपन्न वर्गलाइ आर्थिक सामाजिक समावेशीकरण गरिनेछ । अनुगमन र नियमनलाइ प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्ने, सवै तह एवमं विधाको समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ शिक्षा नीति तथा कार्यक्रमहरु उन्मूख रहनेछन । समग्र शिक्षा प्रणालीको सुधारका लागि स्वेतपत्र प्रकाशन गरी विद्यालयहरुको वैज्ञानिक ढंगबाट व्यवस्थापन गरिनेछ । विद्यालयहरु एकआपसमा समाहित (merge) गरी प्रत्येक विद्यालयको शिक्षक तथा विद्यार्थीको अनुपातको आधारमा आवश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गरी तिनलाई आर्थिक, भौतिक एवं अन्य रुपमा स्रोत साधनले सम्पन्न बनाइनेछ । प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयमा कम्प्यूटर शिक्षाको साथै अग्रेंजी माध्यमबाट समेत पठन पाठनको थालनी गरिनेछ र त्यसको निम्ति आवश्यक अनुदान रकमको व्यवस्था गरिने नीति लिईएको छ । यस

गाउँपालिकामा हाल सम्म प्राविधिक शिक्षालय संचालनमा नरहेको हुदाँ यस आ.व. मा प्राविधिक शिक्षालय संचालनको लागि उचित रकम व्यवस्थापन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न जोड दिईनेछ ।

व्यवस्था गर्न आवश्यक पहल  गरिनेछ । यस गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजनालाइ प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । यसका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरी योजनालाइ  थप प्रभावकारी बनाइनेछ खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारका रुपमा स्थापित छ । यस गाउँपालिकाका प्राय सबै जसो वडाहरुले खानेपानीको चरम अभाव बेहोरीरहेको सन्दर्भमा खानेपानीको उपलब्धता सुनिश्चित गर्ने विषय गाउँपालिकाको उच्च प्राथमिकतामा रहनेछ । खानेपानीको दिगो व्यवस्थापनका लागि यसै आर्थिक वर्षमा वृहत खानेपानी आयोजना संचालनको शुरुवात गरी **एक घर एक धारा** को नीति लिई खानेपानीको व्यवस्थापन गरिनेछ । खानेपानीको क्षेत्रमा क्रियाशिल विकास साझेदारहरुलाइ यस गाउँपालिकाका सवै वडामा कार्यक्रम संचालन गर्नका लागि आवश्यक वातावरण निर्माण गरिनेछ । समपूरक कोष खडा गरी साझेदारीका आधारमा खानेपानी तथा सरसफाई सम्बन्धि आयोजना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

जयगढ बजार क्षेत्रमा बढ्दै गएको फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाको उपयुक्त क्षेत्रमा वातावरणिय प्रभाव मूल्याङ्कन गरी डम्पिङ्ग साइटको व्यवस्था गरीनेछ । गाउँपालिकाका बजार क्षेत्रमा

निर्माण गरिएका सार्वजनिक शौचालयहरुको निजी क्षेत्रसंगको सहकार्यमा तिनको संचालन तथा व्यवस्थापन गरि अपाङ्ग मैत्री शौचालयको रुपमा सुदृढिकरण गर्नुका साथै सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

विभिन्न जातजाति, भेषभुषा, रहन सहनका मानिसहरुको बसोबास रहेको बान्नीगढी जयगढ ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध गाउँपालिका हो । यस क्षेत्रमा रहेका धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको पुननिर्माण गरी संरक्षण र संवर्द्धन गरिनेछ । धार्मिक, सास्कृंतिक पर्यटनको विकास गर्ने आवश्यक व्यवस्था गरिनेछ।

सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गरिनेछ । सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गरिनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

सडक विकासको पूर्वशर्त एवं पूर्वपक्ष हो । यस गाउँपालिकामा निर्माण सम्पन्न सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिनेछ । जयगढ-छातासेन सडक र कोटघर गाज्रा सडकको निर्माण र स्तरोन्नती गाउँपालिकाको उच्च प्राथमिकतामा रहनेछ । यस गाउँपालिका भित्र निर्माणाधिन सडकहरुको नामाकरण गरी स्तर उन्नतीका लागि प्राथमिकता दिईने छ । यस गाउँपालिकाका सवै वडा तथा बस्तिहरुलाइ सडक संजालमा जोड्न रिङ्गरोडको व्यवस्थापन गरिने छ । तिमिल्सैन बान्नीगढी पर्यटकीय मार्गको व्यवस्था गरिने छ । जयगढ बजारलाई ब्यवस्थित गरी सुन्दर

र आकर्षक ब्यापारीक केन्द्रका रुपमा विकास गर्न बजार क्षेत्रभित्र न्यूनतम सडक क्षेत्र कायम गरी सो सडकको स्तरोन्नती गरिनेछ । सडक अतिक्रमण गरी बनाइएका घर, टहरा, पसल, गोदाम एवं अन्य भौतिक संरचनाहरुलाइ हटाएर बजार क्षेत्रलाइ व्यवस्थित बनाइनेछ ।

सूचना तथा संचारको माध्ययमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति गर्न गाँउपालिका क्रियाशिल रहनेछ । जयगढ बजार क्षेत्रमा रहेको फ्री वाइफाइ जोनको स्तर उन्नती गर्दै व्यवस्थापनमा जोड दिईनेछ । वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा संचालन गरिनेछ । वन, वनस्पति, जडीबुटी, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थिकीय प्रणालिबीच सन्तुलन कायम गरिनेछ । तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन, खेती विस्तार एवम् निर्यातका लागि ब्राण्डिङ सहितको बजार प्रवर्धन गरिनेछ । वन डढेलो व्यवस्थापनको लागि पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलोप्रतिरोधी क्षमता विकास गर्न आवश्यक व्यवस्था गरिनेछ ।

जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षण गरिनेछ । विपद व्यवस्थापन कोष खडा गरी त्यसलाइ विपद पूर्वतयारी, विपद प्रतिकार्य एवं पुनः लाभमा खर्च गरिनेछ । गाउँपालिका क्षेत्र भित्र प्राकृतिक जोखिममा रहेका नदी नाला, वन जंगल बाढी पहिरो नियन्त्रणका लागि तटबन्धनको व्यवस्था गरि बृक्षारोपण गरिने छ । सरकारी, सामुदायिक, साझेदारी र नीजी क्षेत्रसंग सहकार्य गरी मानव संसाधनको विकास एवं संभार गरिनेछ । दलित एवं लक्षित वर्ग केन्द्रित मानव

संसाधन विकासका कार्यहरु गाउँपालिकाको उच्च प्राथमिकतामा रहनेछन । गाउँपालिका भित्र रहेका अरुको साहरामा जिवन निर्वाह गर्दै आएका अपाङ्गहरुलाई मासिक भत्ताको व्यवस्थापन गर्ने नीति लिईएको छ । दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला एवं अति विपन्न नागरिकलाइ क्षमता विकास र स्वरोजगारी जन्य तालिम प्रदान गरिनेछ । **अध्यक्ष युवा स्वरोजगार कार्यक्रम**लाई निरन्तरता दिई थप प्रभावकारी बनाउदै रोजगारका अवसरहरु सिर्जना गरिनेछ । खेलकुदको विकास गरी युवाहरुलाइ अनुशासित र स्वस्थ बनाइराख्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

संघीय शासन प्रणालीमा स्थानीय सरकार लाइ दिगो एवँ प्रभावाकारी बनाउन स्वावलम्बी र आत्मनिर्भर स्थानीय तहको जरुरत पर्दछ । स्वाबलम्वी एवं आत्मनिर्भर बन्न हामीले यस गाँउपालिकामा आर्थिक स्रोतको खोजी गर्नैपर्छ । यसै आर्थिक वर्षबाटै गाउँपालिकामा राजस्व स्रोतको पहिचान गरी करका दर र दायरा निर्धारण गरिनेछ । यस गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तिहरुको अभिलेख तयार गरी तिनको सुरक्षा, संभार एवं सदुपयोग गरिनेछ । अतिक्रमित सार्वजनिक जग्गा, भवन, वनक्षेत्र एव नदी नालाहरुको अतिक्रमण हटाइ तिनको संरक्षण गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगलाइ स्थापित र विस्तारित गर्दै लगिनेछ । सार्वजनिक जवाफदेहिताको लागि प्रविधिको दिगो प्रयोग लाइ बढावा दिन आवश्यक व्यवस्था गरिनेछ । गैर सरकारी क्षेत्र संगको सहकार्यमा प्रविधिको दिगो प्रयोगलाइ परियोजनाकै रुपमा लागु गरिनेछ । सामाजिक सुरक्षा भत्तालाइ

प्रभावकारी र पारदर्शी बनाउन एम. आइ. एस. प्रविष्टी गरी बैङ्कीङ प्रणालीबाट भत्ता वितरणको व्यवस्था मिलाइनेछ ।

यसै आर्थिक वर्षमा गाउँपालिकाको मूल प्रशासनिक भवन एव वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गाको प्रवन्ध गरी केन्द्र सरकार संग भवन निर्माणका लागि बजेट माग गरिनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

विकासको आवश्यकता र उर्लदा जनआकांक्षा पूरा गर्न तथा विकासलाई दिगो बनाउन सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्य र परिपूरक भूमिका अपरिहार्य छ । संविधानद्वारा निर्दिष्ट जिम्मेवारी पूरा गर्न गाउँपालिकाले आधारभूत सामाजिक सेवा र पूर्वाधार क्षेत्रमा लगानी बढाउँदै व्यावसियक ढङ्गले अघि बढ्न सकिने क्षेत्रमा निजी तथा सहकारी र सामुदायिक क्षेत्रको क्षमता र संभावना उपयोग गरी विकासका लक्ष्यहरु प्राप्त गर्न गाउँपालिका प्रतिवद्द छ । यिनै विषयलाई केन्द्रविन्दुमा राखेर गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गरेको छु।

अन्त्यमा, यस एतिहासिक गाउँ सभामा हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नुभएका गाउँ सभा सदस्य, कर्मचारी र पत्रकारज्यूहरुलाइ यो गाउँ सभा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सुझाव र मार्गदशन दिनुहुने समस्त गाउँपालिकाबासी बुद्दिजिबी, समाजसेवी, सबै राजनैतिक दल, शिक्षक, उद्योगी ब्यापारी, विभिन्न पेशाकर्मी एवं आम जनसमुदायलाइ विशेष धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाको कार्यमा अहोरात्र खट्ने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष एवं सम्पूर्ण गाउँ सभाका

सदस्य साथै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारी ज्युहरुलाइ हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

**“समृद्धिको आधारः बान्नीगढी सरकार”** भन्ने हाम्रो नारालाइ सार्थक बनाउन हामी सबै गाउँपालिकावासी एकढिक्का भएर अगाडि बढ्न सकौँ । माता बान्नीगढी, माता बरदादेवी, माता कालिका र माता शोडषादेवीले हामी सवैको रक्षा गरुन ।

**धन्यवाद । जय नेपाल**